म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक २७९ मंगलबार, १२ जेठ २०८३ ने. सं. ११४६ अनलाथ्व 26 May 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## ओस्टियोप्याथी स्वास्थ्य शिविर सम्पन्न

हेटौंडा, ११ जेठ/ गुरुदेव श्री श्री रवि शंकरको ७० औं जन्मदिनको अवसरमा मकवानपुरको थाहा नगरपालिकामा सञ्चालन गरिएको ३ दिने ओस्टियोप्याथी स्वास्थ्य शिविर सम्पन्न भएको छ । स्थानीय बासिन्दालाई लक्षित गरी आयोजना गरिएको उक्त शिविरमा कूल ७३ जना सहभागीहरूले स्वास्थ्य सेवा प्राप्त गरेका थिए । शिविरमा शरीर दुखाइ, जोर्नी तथा मांशपेशीसम्बन्धी समस्या, ढाड तथा घाँटी दुखाइलगायत विभिन्न समस्याको परीक्षण तथा परामर्श सेवा प्रदान गरिएको आयोजकले जनाएको छ । शिविरप्रति स्थानीय समुदायको अत्यन्तै सकारात्मक प्रतिक्रिया प्राप्त भएको बताइएको छ । सहभागीहरूले यस्ता स्वास्थ्यसम्बन्धी कार्यक्रमलाई आगामी दिनमा समेत निरन्तर सञ्चालन गर्न आग्रह गरेका छन् । 'आरोग्य थाहा' निर्माण गर्ने उद्देश्यसहित आयोजना गरिएको उक्त शिविरले स्थानीयवासीलाई प्रत्यक्ष लाभ पुगेको आयोजकको भनाइ छ । द आर्ट अफ लिभिङ नेपालको आयोजना तथा थाहा नगरपालिका, ईलाका प्रहरी कार्यालय पालुङ, प्राथमिक स्वास्थ केन्द्र पालुङ, अस्टियाप्याथी हेल्थ केयर निर्भाना, दामन चेली समाजको सहकार्यमा थाहामा पहिलोपटक प्राकृतिक रुपमा बिना औषधिको उपचार शिविर भएको हो ।

### बागमती प्रदेशसभामा विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता पेश

# नीति तथा कार्यक्रम आज सार्वजनिक हुने

मनिल महतो

हेटौंडा, ११ जेठ/ वागमती प्रदेशसभा बैठकमा विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकता पेश गरिएको छ । प्रदेश आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङले सोमबार बसेको आगामी आर्थिक वर्ष २०८३/०८४ को विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकताको क्षेत्र (कर बाहेक) सम्बन्धी प्रस्ताव पेश गरेका हुन् ।

उनले पेश गरेको प्रस्ताव माथि आज बस्ने प्रदेशसभा बैठकमा छलफल हुनेछ । त्यसैगरी आज साँझ ५ बजे प्रदेश प्रमुख दीपकप्रसाद देवकोटा बाट प्रदेश सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम सार्वजनिक गरिनेछ । सोमबार साँझ बसेको मन्त्रिपरिषद् बैठकले नीति तथा कार्यक्रम समेत पारित गरिसकेको छ ।

प्रदेश सरकारले उत्पादन, रोजगारी, सुशासन र डिजिटल रूपान्तरणलाई केन्द्रमा राखेर बजेट ल्याइने मन्त्री तामाङले बताए । उनका अनुसार सिद्धान्त तथा प्राथमिकतामा आर्थिक अनुशासन, पूर्वाधार विकास, स्वास्थ्य, शिक्षा, कृषि आधुनिकीकरण, उद्यमशीलता, पर्यटन, सामाजिक न्याय तथा विपद् व्यवस्थापनलाई प्राथमिकतामा राखिएको छ ।

मन्त्री तामाङले संविधानमा व्यवस्था भएका मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरू, सोह्रौं आवधिक योजना र बागमती प्रदेशको दोस्रो आवधिक योजनाले लिएका लक्ष्य तथा रणनीतिलाई आधार बनाएर आगामी बजेट तर्जुमा गरिने स्पष्ट पारेका छन् ।

उनले दीगो विकास लक्ष्यसँग सामञ्जस्य हुने गरी योजना तथा कार्यक्रम सञ्चालन गरिने उल्लेख गर्दै प्रदेशको आर्थिक तथा सामाजिक रूपान्तरणलाई बजेटको मुख्य उद्देश्य बनाइएको बताएका छन् । वर्तमान आर्थिक शिथिलता, आन्तरिक राजश्वमा आएको संकुचन तथा उत्पादन क्षेत्रमा देखिएको मन्दिलाई सम्बोधन गर्न खर्च व्यवस्थापनमा कडाइ गरिने मन्त्री तामाङले जानकारी दिए ।

मन्त्री तामाङका अनुसार विगतमा पहुँच र प्रभावका आधारमा बजेट विनियोजन हुने प्रवृत्तिलाई नियन्त्रण गर्दै आयोजना बैंकको पूर्ण कार्यान्वयनमार्फत् योजना छनौटलाई व्यवस्थित बनाइने बताइएको छ । प्रदेश सरकारले सुरू गरेका तर अधुरा रहेका योजनाहरूलाई सम्पन्न गर्न आगामी बजेटमा विशेष प्राथमिकता दिइने भएको छ ।

आयोजना छनोट, कार्यान्वयन तथा मूल्याङ्कन प्रक्रियामा विनियोजन कुशलता, कार्यान्वयन दक्षता तथा वित्तीय जवाफदेहिता कायम गरिने मन्त्री तामाङले बताए । निर्वाचन क्षेत्रगत तथा भौगोलिक सन्तुलन कायम हुने गरी समन्यायिक वित्तीय व्यवस्थापन गरिनेसमेत उनले उल्लेख गरेका छन् ।

प्रदेश सरकारले डिजिटल रूपान्तरणलाई आगामी बजेटको प्रमुख आधार बनाएको छ । 'विकासको आधार: प्रविधि र सुशासनमार्फत् सेवा विस्तार' भन्ने अवधारणालाई आत्मसात् गर्दै सार्वजनिक सेवा प्रवाहलाई सरल, छरितो, प्रभावकारी तथा नागरिकमैत्री बनाइने योजना अघि सारिएको छ ।

कर प्रशासनमा डिजिटल प्रणाली लागू गरिने, विकास आयोजनाको कार्यप्रगति नागरिकले मोबाइल एप मार्फत् रियल टाइममै हेर्न सक्ने व्यवस्था मिलाइने तथा स्थानीय तहका



तहसम्म डिजिटल प्रणालीबीच अन्तरआबद्धता कायम गरिने मन्त्री तामाङले बताए । प्रदेश सरकारले संघ, प्रदेश र स्थानीय तहबीचको समन्वय र सहकार्यलाई थप प्रभावकारी बनाउने नीति लिएको छ ।

संविधानले परिकल्पना गरेको समाजवादउन्मुख अर्थतन्त्र निर्माणका लागि सार्वजनिक, निजी तथा सहकारी क्षेत्रको साझेदारीलाई प्रवर्द्धन गरिने उल्लेख गरिएको छ । निजी क्षेत्रलाई आर्थिक विकासको प्रमुख इञ्जिनका रूपमा अघि बढाइने तथा स्वदेशी एवं विदेशी लगानी आकर्षणका लागि लगानीमैत्री वातावरण निर्माण गरिने बताइएको छ ।

राजश्वका नयाँ स्रोत पहिचान गरी परिचालन गरिने, डिजिटल राजश्व प्रणालीमार्फत् राजश्व संकलनको लागत घटाइने तथा अनौपचारिक आर्थिक गतिविधिलाई औपचारिकीकरण गर्दै राजश्व चुहावट नियन्त्रण गरिने मन्त्री तामाङले जानकारी दिए । स्थानीय तहका केन्द्र जोड्ने पक्की सडक निर्माण, प्रादेशिक सडक गुरुयोजनाअन्तर्गत् सडक बिस्तार तथा प्रत्येक जिल्लामा कम्तिमा एउटा प्रदेश गौरब आयोजना सञ्चालन गरिने योजना प्रस्तुत गरिएको छ ।

स्थानीय उत्पादनको प्रबर्द्धन, बजार पहुँच बिस्तार तथा नागरिकको आयआर्जन अभिवृद्धि गर्ने उद्देश्यले पूर्वाधार कार्यक्रम सञ्चालन गरिने मन्त्री तामाङको भनाइ छ । स्वास्थ्य क्षेत्रलाई थप सुदृढ बनाउन आधारभूत तथा विशेषज्ञ स्वास्थ्य सेवामा पहुँच विस्तार गरिने भएको छ । डिजिटल

स्वास्थ्य सेवा प्रणाली विस्तार, स्वास्थ्य जनशक्ति व्यवस्थापन सुधार तथा मातृ तथा बाल स्वास्थ्य कार्यक्रमलाई निरन्तरता दिइने बताइएको छ । किशोरकिशोरी, ज्येष्ठ नागरिक तथा विपन्न समुदाय लक्षित स्वास्थ्य कार्यक्रमलाई प्रभावकारिताका आधारमा सञ्चालन गरिने मन्त्री तामाङले बताए ।

प्रदेश सरकारले युवालाई लक्षित गर्दै 'गरिखानेलाई बागमतीमै अवसर' भन्ने नारासहित उद्यमशीलता र रोजगारी प्रवर्द्धन कार्यक्रम ल्याउने भएको छ । युवालाई स्टार्टअप तथा नवप्रवर्तनमा आकर्षित गर्न वित्तीय तथा प्राविधिक सहयोग उपलब्ध गराइने तथा स्थानीय र प्रादेशिकस्तरमा ह्याकाथन प्रतियोगिता सञ्चालन गरिने योजना छ ।

एग्रिटेक, एडुटेक तथा हेल्थटेक क्षेत्रमा सम्भावना भएका स्टार्टअपहरूलाई विशेष सहयोग गरिने भएको छ । युवाहरूमा प्रदेशप्रतिको भरोसा बढाउन रोजगारी र उद्यमशीलताको वातावरण निर्माणमा विशेष जोड दिइने उनले बताए । शिक्षा क्षेत्रमा प्राविधिक तथा व्यावसायिक शिक्षालाई प्राथमिकता दिइने भएको छ । युवालाई श्रम बजारसँग प्रत्यक्ष जोडिने गरी सीप विकास कार्यक्रम सञ्चालन गरिने तथा विद्यालय तहमा इस्टिम/आइटी पाठ्यक्रम विस्तार गरिने योजना प्रस्तुत गरिएको छ ।

परम्परागत निर्वाहमुखी कृषिलाई आधुनिक, यान्त्रिक तथा आयआर्जनमुखी बनाउन सिँचाइ, भण्डारण, प्रशोधन तथा बजार प्रणाली विकास गरिने भएको छ । वर्षात्को पानी संकलन गरी सुख्खायाममा सिँचाइ सुविधा बिस्तार गरिने तथा कृषि उद्यमीलाई कर्जामा ब्याज अनुदान उपलब्ध गराइने योजना छ ।

उद्योग, पर्यटन तथा यातायात क्षेत्रलाई पनि उच्च प्राथमिकतामा राखिएको छ । घरेलु, साना तथा मझौला उद्योग प्रवर्द्धन, प्रादेशिक उत्पादनको ब्राण्डिङ तथा बजारीकरण र निर्यात प्रबर्द्धन गरिने सरकारको योजना छ । धार्मिक, साँस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण गर्दै बागमती प्रदेशलाई आकर्षक पर्यटकीय गन्तव्यका रूपमा विकास गरिने बताइएको छ ।

प्रदेशका सबै जिल्लाबाट यातायात सेवा विस्तार गरिने तथा सार्वजनिक यातायातको गुणस्तर सुधारका लागि सडक सुरक्षा मापदण्ड कडाइका साथ लागू गरिने मन्त्री तामाङले बताए । खानेपानी, ऊर्जा तथा सरसफाइ क्षेत्रमा नागरिकको पहुँच अभिवृद्धि गरिने उल्लेख गरिएको छ ।

बाँकी पृष्ठ-३...

# हेटौंडामा एचआईभीसम्बन्धी सञ्चारकर्मी अभिमुखीकरण

साझाकुरा संवाददाता

हेटौंडा, ११ जेठ/ बागमती प्रदेश स्वास्थ्य निर्देशनालयको आयोजना तथा एएचएफ नेपालको सहयोगमा सोमबार हेटौंडामा सञ्चारकर्मीहरूका लागि एचआईभीसम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ ।

स्वास्थ्य निर्देशनालयका निर्देशक डा. नरेन्द्रकुमार झाको अध्यक्षतामा आयोजित कार्यक्रममा मकवानपुरमा क्रियाशील सञ्चार कर्मीहरूको सहभागिता थियो । कार्यक्रममा एएचएफ नेपालका वरिष्ठ कार्यक्रम संयोजक कृष्णहरि सापकोटाले एचआईभीसम्बन्धी मुख्य विषयमा सञ्चारकर्मीहरूलाई जानकारी गराउँदै जिम्मेवार र संवेदनशील समाचार सम्प्रेषणको आवश्यकता औंल्याए ।

उनले जनचेतना अभिवृद्धि र प्रभावकारी पैरवीका लागि तथ्यमा आधारित तथा नैतिक समाचार सम्प्रेषण आवश्यक रहेको बताए । उनले नेपालको वर्तमान एचआईभी अवस्था, प्राथमिकता र नियन्त्रणका प्रयासबारे सञ्चारमाध्यमको बुझाइ बढाउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको जानकारी दिए ।

यसैगरी, उहाँले संयोजकले संस्थाको पृष्ठभूमिबारे जानकारी दिँदै



एएचएफ विश्वकै ठूलो एचआईभी तथा एड्स स्वास्थ्य सेवा प्रदान गर्ने संस्था भएको बताए । उनका अनुसार संस्थाले हाल ५० देशमा ३० लाखभन्दा बढी मानिसलाई सेवा प्रदान गरिरहेको छ ।

नेपालमा सन् २००८ मा स्थापना भएको एएचएफ नेपालले सन् २००९ देखि शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमार्फत् राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रसँग सहकार्य गर्दै सेवा सुरु गरेको उनले जानकारी दिए । 'आर्थिक क्षमता नभएका व्यक्तिलाई समेत आधुनिक उपचार र सहयोग' भन्ने उद्देश्यसहित संस्थाले एचआईभी संक्रमित व्यक्तिहरूलाई लक्षित गरी विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको उनको भनाइ थियो । कार्यक्रममा स्वास्थ्य निर्देशनालय बागमती प्रदेशका जनस्वास्थ्य प्रशासक सन्जु रोईले प्रदेशको एचआईभी अवस्थाबारे तथ्याङ्क प्रस्तुत गरे ।

कार्यक्रममा पछिल्लो समय नयाँ संक्रमित फेला पर्ने क्रम जारी रहेपनि अघिल्ला वर्षहरूको तुलनामा संक्रमण दर घट्दो क्रममा रहेको जानकारी दिइएको थियो ।






साझाकुरा

हाम्रो कुरा

# बजेट खर्चको सुस्त गति: विकासमाथि गम्भीर प्रश्न

बागमती प्रदेश सरकारले चालु आर्थिक वर्षको १० महिनामा कुल बजेटको जम्मा ३४ प्रतिशत मात्रै खर्च गर्न सक्नु केवल प्रशासनिक कमजोरीको सूचक होइन, यो प्रदेशको समग्र विकास प्रणालीमाथिको गम्भीर प्रश्न पनि हो । आर्थिक वर्ष सकिन दुई महिना मात्रै बाँकी रहँदा अझै ६६ प्रतिशत बजेट खर्च गर्नुपर्ने अवस्था आउनु सरकारको कार्यक्षमता, योजना निर्माण र कार्यान्वयन प्रक्रियाको असफलता हो । प्रदेश सरकारले यस वर्ष ६७ अर्बभन्दा बढीको बजेट ल्याएको थियो । तर वैशाख मसान्तसम्म २२ अर्ब रुपैयाँ हाराहारी मात्रै खर्च हुनु जनतासामु ठूलो विडम्बना बनेको छ । अझ चिन्ताजनक पक्ष त विकाससँग प्रत्यक्ष जोडिएको पुँजीगत खर्च हो, जुन २८ प्रतिशतमा सीमित छ । सडक, पुल, खानेपानी, सिँचाइ, कृषि, स्वास्थ्य, पर्यटनजस्ता जनजीवनसँग प्रत्यक्ष सम्बन्धित क्षेत्रहरूमा बजेट खर्च हुन नसक्नु भनेको विकासको गति रोकिनु हो ।

हरेक वर्षजस्तै यसपटक पनि आर्थिक वर्षको अन्त्यमा हतारहतार "असारे विकास" गर्ने सम्भावना बढेको छ । असार मसान्तमा मात्रै बजेट सक्ने प्रवृत्तिले गुणस्तरीय विकासभन्दा पनि कागजी प्रगति देखाउने संस्कृति मौलाउँदै गएको छ । हतारमा गरिएका योजना दीगो हुँदैनन्, जनताले अपेक्षित लाभ पाउँदैनन्, उल्टै भ्रष्टाचार र अनियमितताको जोखिम बढ्छ । विगतदेखि आलोचना हुँदै आएको यही "बजेटमारा शैली" अझै नियन्त्रणमा आउन नसक्नु दु:खद हो । सबैभन्दा धेरै बजेट पाएको भौतिक पूर्वाधार मन्त्रालयले समेत एक तिहाइ मात्रै खर्च गर्न सक्नुले विकास आयोजनाको तयारी अवस्था कमजोर रहेको स्पष्ट हुन्छ । युवा तथा खेलकुद मन्त्रालयको १४ प्रतिशत खर्च त झन् लज्जास्पद अवस्था हो । यसले मन्त्रालयहरूबीच समन्वय अभाव, निर्णय प्रक्रियाको ढिलाइ, कर्मचारी व्यवस्थापनको कमजोरी र राजनीतिक इच्छाशक्तिको कमी उजागर गर्छ ।

बजेट ल्याउनु मात्रै उपलब्धि होइन, त्यसलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु सरकारको असली परीक्षा हो । जनताले कर तिर्छन् विकासका लागि, तर बजेट वर्षभरि थन्किएर अन्तिम समयमा हतारमा खर्च गरिनु राज्यप्रतिको विश्वास कमजोर बनाउने काम हो । प्रदेश सरकारहरूले अब खर्चको प्रतिशत देखाएर होइन, परिणाममुखी विकास देखाएर जनताको विश्वास जित्नुपर्छ । अब आवश्यक कुरा केवल आलोचना होइन, संरचनागत सुधार हो । योजना छनोटदेखि ठेक्का प्रक्रिया, प्रशासनिक निर्णयदेखि अनुगमन संयन्त्रसम्म व्यापक सुधार आवश्यक छ । अन्यथा हरेक वर्ष बजेट खर्चको यही पुरानो कथा दोहोरिनेछ र विकास केवल भाषण तथा कागजमै सीमित रहनेछ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९१३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८३ जेठ १३ गते बुधबार २५ मे २०२६ । एकादशी, जेठ शुक्लपक्ष । अनलाब्द ११४६ ने.सं. । सूर्योदय ५:१२ सूर्यास्त ६:५१।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : मनोकांक्षा सिद्धि हुनेछ | **तुला** | : वस्त्र-भोजन प्राप्त हुनेछ |
| **वृष** | : गरेको कार्यमा सफलता मिल्नेछ | **वृश्चिक** | : योजना कार्यान्वयन हुनेछ |
| **मिथुन** | : नयाँ कार्ययोजना बन्नेछ | **धनु** | : व्यापार राम्रो चल्नेछ |
| **कर्कट** | : आकस्मिक लाभ हुनेछ | **मकर** | : मीठो खाने अवसर मिल्नेछ |
| **सिंह** | : राम्रो अवसर गुम्नेछ | **कुम्भ** | : घर परिवारमा मेलमिलाप हुनेछ |
| **कन्या** | : खर्च र दु:ख बढ्नेछ | **मीन** | : मनमा शङ्का बढ्नेछ |

# तलब वृद्धिमा सरकारको संशय, मौन ट्रेड युनियन र दुई तिहाइ अभिभारा



✍पारस शाही

> ऐतिहासिक रुपमा हेर्ने हो भने आर्थिक वर्ष २०७९/८० को बजेट मार्फत तत्कालीन सरकारले १५ प्रतिशत तलब वृद्धि गरेयता यो व्यवस्था पूर्णरुपमा उपेक्षित रहँदै आएको छ ।

नेपालको सार्वजनिक प्रशासन र राजनीतिको सम्बन्ध सधैं उतारचढावपूर्ण रहने गरेको छ । राजनीतिक नेतृत्व आउने र जाने क्रम चलिरहँदा राज्य संयन्त्रलाई निरन्तरता दिने र नागरिकका घरदैलोमा सेवा पुर्‍याउने दायित्व बोकेको संरचना नै निजामती सेवा अर्थात् 'स्थायी सरकार' हो । तर, आज यही स्थायी सर कार नै गम्भीर निराशा, आर्थिक संकट र पहिचानको संकटबाट गुज्रिरहेको छ । चार वर्षदेखि सरकारी कर्मचारीको तलबमा कुनै खालको वृद्धि भएको छैन ।

बजारमा मूल्यवृद्धि सूचकांकले हरेक महिना नयाँ रेकर्ड कायम गरिरहँदा देशको शासन प्रशासन चलाउने सारथिहरूको भान्सा र दैनिक जीवन भने खुम्चिँदै गइरहेको छ । हालैका राजनीतिक र कानुनी घटनाक्रम विशेषगरी शक्तिशाली दुई तिहाइको सरकार गठन र निजामती कर्मचारीका ट्रेड युनियनहरूमाथि लागेको प्रतिबन्ध तथा सर्वोच्च अदालतको अन्तरिम आदेशपछि ट्रेड युनियनहरूको मौनताले कर्मचारी प्रशासन आगामी दिनमा कुन दिशातिर जाँदैछ भन्ने गम्भीर प्रश्न खडा गरेको छ । चार वर्ष अन्तरालपछि अब कर्मचारीको तलब बढ्छ कि स्थिति यथावत् रहन्छ ? यो केवल केही लाख कर्मचारीको गृहस्थीसँग मात्र जोडिएको प्रश्न होइन, बरु यसले देशको सुशासन, भ्रष्टाचार नियन्त्रण र संघीयता कार्यान्वयनको समग्र भविष्यलाई नै संकेत गर्छ ।

### निजामती ऐन र कानुनी बाध्यता उपहास

कानुनी राज्यको कुरा गर्दा सबैभन्दा पहिले राज्य आफैंले बनाएका नियम पालना गर्छ कि गर्दैन भनेर हेर्नुपर्ने हुन्छ । विद्यमान निजामती सेवा ऐन २०४९ को दफा २७ (१ख) मा स्पष्ट व्यवस्था छ- नेपाल सरकारका मुख्यसचिवको अध्यक्षतामा गठन हुने तलबभत्ता पुनरावलोकन समितिले प्रत्येक तीन वर्षमा राजस्व वृद्धिदर, कुल दरबन्दी संख्या र विगत तीन वर्षको उपभोक्ता मूल्य सूची (महँगी) लाई आधार मानी तलब, भत्ता तथा अन्य सुविधा पुनरावलोकन गर्नुपर्ने छ ।

यो कुनै नैतिक आग्रहमात्र होइन, बरु ऐनद्वारा निर्देशित कानुनी बाध्यता हो । ऐतिहासिक रूपमा हेर्ने हो भने आर्थिक वर्ष २०७९/८० को बजेट मार्फत तत्कालीन सरकारले १५ प्रतिशत तलब वृद्धि गरेयता यो व्यवस्था पूर्णरूपमा उपेक्षित रहँदै आएको छ ।

कानुनी रूपमा तीन वर्षमा हुनुपर्ने पुनरावलोकन चार वर्ष बितिसक्दा पनि कार्यान्वयन नहुनुले राज्य आफैंले बनाएको कानुन बर्खिलाप गरिरहेको पुष्टि हुन्छ । उच्चस्तरीय तलब सुझाव आयोगले समेत कर्मचारीको जीवन निर्वाह गर्न पुग्ने गरी न्यूनतम पारिश्रमिक तोक्न दिएको सुझावका प्रतिवेदनहरू सिंहदरबारका दराजमा थन्किएर बस्नु विडम्बनापूर्ण छ ।

### आकासिएको महगी र रित्तो गोजीको यथार्थ

विगत तीन-चार वर्षको आर्थिक तथ्यांक केलाउने हो भने नेपालमा औसत उपभोक्ता मूल्य मुद्रास्फीति (महँगी) वार्षिक करिब ६ प्रतिशत हाराहारीमा बढेको देखिन्छ । यसको सिधा अर्थ, विगत चार वर्षमा बजारमा वस्तु र सेवाको मूल्य झन्डै २० देखि २४ प्रतिशतले वृद्धि भइसकेको छ । तर, कर्मचारीको आम्दानीको ग्राफ भने जहाँको त्यहीं स्थिर छ । यसले गर्दा कर्मचारीहरूको वास्तविक क्रयशक्तिमा करिब २५ प्रतिशतको गिरावट आएको छ ।

एउटा निम्न वा मध्यम तहको निजामती कर्मचारी (जस्तै : सुब्बा वा खरिदार) ले पाउने मासिक पारिश्रमिकले आजको महँगो सहरी जीवन धान्न असम्भव प्राय: भइसकेको छ । महिना मरेपछि बुझ्ने तलब घरभाडा, छोराछोरीको शैक्षिक शुल्क, ग्यास, खाद्यान्न र स्वास्थ्योपचार मै सकिन्छ ।

सरकारले भर्खरै प्रचारमा ल्याएको १५-१५ दिनमा आधा तलब दिने प्राविधिक प्रणालीले नगद प्रवाहमा केही व्यवस्थापन गरेजस्तो देखिए पनि यसले समस्याको मूलजरो अर्थात् 'अपर्याप्तता' लाई सम्बोधन गर्न सक्दैन । पैसा कति पटक आउँछ भन्ने भन्दा पनि आएको पैसाले महिना धान्छ कि धान्दैन भन्ने कुरा भुइँतहको मुख्य समस्या हो ।

### भ्रष्टाचार नियन्त्रण र न्यून तलबको दुष्चक्र

सुशासन र भ्रष्टाचारमुक्त समाजको नारा वर्तमान सरकारको मुख्य कार्यसूची हो । तर, व्यवहारमा कर्मचारीलाई भोकै राखेर वा आर्थिक दबाबमा पारेर सुशासनको कल्पना गर्नु मृगमरिचिका जस्तै हो । अन्तर्राष्ट्रिय अध्ययनहरूले देखाएका छन् कि सार्वजनिक सेवामा हुने भ्रष्टाचार केवल नैतिक पतनका कारण मात्र हुँदैन, धेरैजसो अवस्थामा यो आर्थिक असुरक्षा र जीवन निर्वाहको संकटबाट सिर्जना हुन्छ ।

जब राज्यले आफ्ना जनशक्तिलाई बजार महँगी अनुसार न्यायोचित पारिश्रमिक दिँदैन, तब उनीहरू परिवारको भविष्य सुरक्षित गर्न वैकल्पिक, अनैतिक वा गैरकानुनी बाटो ( घुसखोरी वा राजस्व चुहावट) तर्फ आकर्षित हुने जोखिम उच्च रहन्छ ।

यसको विपरीत, यदि कर्मचारीलाई ढुक्कसँग जीवन चलाउन पुग्ने तलब र सामाजिक सुरक्षा प्रदान गर्ने हो भने उनीहरूको मनोबल उच्च हुन्छ र भ्रष्टाचारजन्य गतिविधिमा संलग्न हुने प्रवृत्ति स्वत: न्यून भएर जान्छ । तसर्थ, सरकारले तलब वृद्धिलाई एउटा 'अनुत्पादक खर्च' का रूपमा मात्र हेर्नु हुँदैन, यो त राज्यमा सुशासन कायम गर्ने र भ्रष्टाचार नियन्त्रण गर्ने सबैभन्दा पहिलो र अचुक लगानी हो ।

### दुई तिहाइ सरकारको उद्देश्य र राजनीतिक नेतृत्वको कडी

हाल मुलुकमा संसद्का प्रमुख दलहरूको सहकार्यमा दुई तिहाइ बहुमतको शक्तिशाली सरकार क्रियाशील छ । यो सरकारसँग राजनीतिक स्थायित्व कायम गर्ने र देशलाई आर्थिक समृद्धिको दिशामा अघि बढाउने अभूतपूर्व अवसर र म्यान्डेट दुवै छ । सरकारको घोषित उद्देश्य सुशासन, वित्तीय अनुशासन र सार्वजनिक सेवा प्रवाहमा व्यापक सुधार गर्नु हो ।

तर, सेवा प्रवाहको मुख्य सञ्चालक मानिने निजामती संयन्त्र आफैं चरम असन्तुष्टि र निराशामा रहँदा सरकारका यी उद्देश्यहरू कसरी पूरा होलान् ? एउटा निराश, पीडित र अपमानित महसुस गरिरहेको कर्मचारीतन्त्रले राजनीतिक नेतृत्वका महत्त्वाकांक्षी योजनाहरूलाई उत्साहपूर्वक कार्यान्वयन गर्न सक्दैन । यदि दुई तिहाइ सरकारले साँच्चै नै राज्य संयन्त्रमा ऊर्जा भर्न र नागरिकलाई परिणाममुखी सेवा दिन चाहन्छ भने आगामी आर्थिक वर्षको बजेट मार्फत कर्मचारीहरूको न्यायोचित माग सम्बोधन गर्नैपर्छ ।

### सर्वोच्च अदालतको आदेश र ट्रेड युनियनहरूको मौनताको रहस्य

केही समयअघि सरकारले अध्यादेश मार्फत निजामती सेवा ऐन संशोधन गर्दै कर्मचारीहरूको आधिकारिक ट्रेड युनियन सम्बन्धी व्यवस्था खारेज गर्ने र कार्यालयहरू बन्द गर्ने कठोर निर्णय लिएको थियो । सरकारको यो कदमलाई कर्मचारीहरूको सामूहिक सौदाबाजीको अधिकार कुण्ठित गर्ने प्रयासका रूपमा हेरियो । यसविरुद्ध नेपाल निजामती कर्मचारी संगठन लगायतले दायर गरेको रिटमाथि सुनुवाइ गर्दै सर्वोच्च अदालतको संवैधानिक इजलासले बहुमतको रायका आधारमा सरकारको उक्त निर्णय तत्काल कार्यान्वयन नगर्न अल्पकालीन अन्तरिम आदेश जारी गरिदियो ।

सर्वोच्च अदालतले संविधानको धारा १७ (संघसंस्था खोल्ने स्वतन्त्रता) र धारा ३४ (ट्रेड युनियन अधिकार) सुनिश्चित गर्दै कर्मचारीहरूको कानुनी हकको रक्षा त गर्‍यो, तर त्यसपछिको परिदृश्य निकै रोचक र र हस्यमयी छ । अदालतबाट मुद्दामा राहत पाए पनि हालका दिनहरूमा ट्रेड युनियनहरू र तिनका नेतृत्वकर्ताहरू अचम्मैसँग मौन छन् । हिजोका दिनमा तलब वृद्धिका लागि सडक र सदन तताउने युनियनहरू अहिले किन यति शान्त र रक्षात्मक अवस्थामा पुगे ?

यसका पछाडि मुख्य दुई कारण देखिन्छन् । पहिलो, राजनीतिक दबाब र त्रास । वर्तमान सरकार दुई तिहाइको शक्तिशाली भएकाले कर्मचारी नेताहरू सरकारसँग सिधै द्वन्द्वमा उत्रिन डराइरहेका छन् । उनीहरूलाई भय छ कि बढी आक्रामक बन्दा सरकारले प्रशासनिक सरुवा-बढुवा वा अन्य कानुनी छिद्र प्रयोग गरेर प्रतिशोध लिन सक्छ ।

दोस्रो, दलीय आबद्धता । नेपालका अधिकांश ट्रेड युनियन राजनीतिक दलका भ्रातृ संस्था जस्तै सञ्चालित छन् । सत्ता साझेदार दलकै कर्मचारी संगठनहरू भएकाले आफ्नै पार्टीको सरकारविरुद्ध कडा आन्दोलन गर्न उनीहरूलाई नैतिक संकट परेको छ । परिणामस्वरूप, अदालतबाट अधिकार ब्युँतिए पनि ट्रेड युनियनहरूको भूमिका अहिले केवल 'पर्ख र हेर' को स्थितिमा सीमित छ, जसले गर्दा आम कर्मचारीको आवाज थप दबाबमा परेको छ ।

चार वर्षको लामो खडेरीपछि अब कर्मचारीको तलब बढ्छ कि स्थिति यथावत् रहन्छ भन्ने विषय सरकारको राजनीतिक इच्छाशक्ति र दृष्टिकोणमा भर पर्छ । स्रोत संकट र आर्थिक मन्दीको बहाना बनाएर कानुनी प्रावधान र कर्मचारीको पेटमाथि खेलबाड गरिरहने छुट अब दुई तिहाइ नजिकैको सरकारलाई छैन ।

यदि साँच्चै देशमा सुशासन ल्याउने, भ्रष्टाचार रोक्ने र स्थायी सरकारलाई गतिशील बनाउने हो भने सरकारले आगामी बजेटमा निम्न कदम चाल्नु अनिवार्य छ :

### आधारभूत तलब वृद्धि

तत्काल महँगी हेरेर विगत चार वर्षसम्म नबढेको तलब र महँगी सन्तुलनमा ल्याउने गरी कम्तीमा २५ देखि ३० प्रतिशत आधारभूत तलब वृद्धि गरिनुपर्छ ।

### फजुल खर्च कटौती

सरकारले प्रशासनिक पुनर्संरचना गरी साविकका २२ वटा मन्त्रालय घटाएर १८ वटा कायम गरी अनावश्यक कार्यालय खारेज गर्ने तयारी गरेसँगै करिब २५ हजार कर्मचारी दरबन्दी कटौती हुने भएसँगै अनुत्पादक भत्ता र राजनीतिक नियुक्तिहरू खारेज गरेर बचत भएको रकम कर्मचारीको सुविधा मार्फत बजार पठाउनुपर्छ ।

### परिणाममुखी प्रशासन

ट्रेड युनियनहरूलाई राजनीति गर्ने अखडा बनाउनुको सट्टा व्यावसायिक र कार्यसम्पादनमा आधारित बनाउन कानुनी सुधार गरिनुपर्छ ।

कर्मचारीतन्त्र बलियो र सन्तुष्ट नभएसम्म कुनै पनि देश समृद्धिको मार्गमा अघि बढ्न सक्दैन । दुई तिहाइको सरकारले केवल प्रचारमुखी र प्राविधिक फन्डामा अल्झिनु भन्दा स्थायी सरकारको जगलाई आर्थिक न्याय र सुरक्षा दिएर बलियो बनाओस् । सेतो एप्रोन वा औपचारिक पोसाकभित्रका रित्ता गोजीहरूले सुशासनको भारी धेरै दिन थाम्न सक्ने छैनन् ।

*(साभार: अनलाइनखबर)*

# राज्यले सधैँ झुलाइरह्यो, अब भ्रममा पर्दैनौँ



✍प्रेम गुरुङ

यो देशको नागरिक भएपछि कम्तीमा एक टुक्रा जमिन हाम्रो पनि हुनुपर्छ भनेर हामी लडेको दशकौँ बित्यो । संविधान पढ्ने हो भने यति सानो अधिकारका लागि कोही नागरिक लड्नै पर्दैनथ्यो, तर संविधान कसैले कार्यान्वयन गर्न चाहेनन् । हामी गाँस, बास र कपासका लागि लडिरहेका छौँ । हाम्रो एउटामात्रै सपना छ- आफ्नै नाममा एक टुक्रा जमिन, घामपानी छेक्ने एउटा छाप्रो र सन्तानको सुरक्षित भविष्य ।

यसकै लडाइँमा लागेको आज २३ वर्ष बितिसक्दा पनि हाम्रो हातमा लालपुर्जा त के, नागरिकको हैसियतसम्म पनि राज्यले दिएको छैन । हामीसँग नागरिकता छ, तर नागरिकतामात्रै नागरिक हुने प्रमाण होइन रहेछ । जब देशमा बस्ने वातावरण नै हामीले पाएका छैनौँ भने त्यो नागरिकताले मात्रै खान दिँदैन रहेछ ।

कास्कीको सुकुमबासी बस्ती हजारौँ मानिसको पसिना र आँसुले सिँचिएको छ । बाहिर हेर्दा जग्गा हडपेर बसेको अपराधीजस्तो प्रमाणित गर्न खोजिएको छ । हामी अपराधी होइनौँ भन्न पनि आफैँ सडकमा उत्रिनुपर्छ । तथ्यपरक रूपमा भन्नुपर्दा, पोखरा महानगर पालिकाका विभिन्न क्षेत्रमा वर्षौंदेखि बसोबास गर्दै आएका सुकुमबासी बस्तीमा अहिले एउटा डरको बादल मडारिएको छ । राज्यले सुकुमबासीको नाममा लगत लिने, फाइल उठाउने र कहिलेकाहीँ जग्गाको नापजाँच गर्ने गर्छ । यो प्रयास राम्रै हो । हाम्रो बस्तीमा डोजर आतङ्कको त्रास छ । राज्यले जुन दिनदेखि यी जग्गामा डोजर चलाउने कुरा गरेको छ, त्यो दिनदेखि हामी निदाउन सकेका छैनौँ ।

कतिपय ठाउँमा २३ वर्ष, कतिपय ठाउँमा ५० वर्षभन्दा बढी समयदेखि यहाँ बस्दै आएका छौँ । हामी यहाँ रहरले आएका होइनौँ नि ! देशको गरिबी र तत्कालीन द्वन्द्वले लखेटिएर आएका हौँ । रहरले यस्तो ठाउँमा कोही बस्न खोज्दैन । हाम्रै तथ्याङ्क अनुसार पनि कास्कीभर ३० हजारभन्दा बढी भूमिहीन र सुकुमबासी तथा अव्यवस्थित बसोबासी छन् । करिब २५ हजार जति राज्यको पहुँचमा आएका छन् । बाँकी अझै राज्यको तथ्याङ्कबाट बाहिर छन् ।

पोखरा महानगरपालिकाले पनि करिब २० हजारलाई निस्सा नै वितरण गरि सकेको छ । सुकुमबासी र भूमिहीन दलितभन्दा बढी टड्कारो समस्या कास्कीमा चाहिँ अव्यवस्थित बसोबासीहरूको छ । झन्डै ५० प्रतिशत नागरिक अव्यवस्थित बसोबासी छन् ।

राज्यसँग हाम्रो एउटा प्रश्न छ, 'एउटा गरिबले बर्सौं लगाएर बनाएको झुप्रो भत्काउँदा कुन विकास हुन्छ ? के सुकुमबासी बस्तीलाई व्यवस्थित नगरी हटाउनु नै विकास हो ? हामी विकासका विरोधी होइनौँ, हामी त व्यवस्थित बसोबासका पक्षपाती हौँ ।

पोखरामा एउटा अन्तर्राष्ट्रियस्तरको बसपार्क बनोस् भन्ने हाम्रो पनि चाहना छ । हामीले पटक-पटक मेयर सा'बदेखि स्थानीय जनप्रतिनिधिसम्मलाई भेट्यौँ, छलफल गर्‍यौँ । जब महानगरपालिकाले वैशाख ४ गते ३५ दिने सूचना जारी गर्‍यो त्यसपछि १२ गते हामीले अधिकारको लडाइँका लागि संघर्ष समिति गठन गर्‍यौँ । २१ गते विशाल प्रदर्शनसहित ज्ञापनपत्र बुझाइयो । मेयरले संघर्ष समितिलाई सहजीकरण समिति बनाएर वार्ता गर्न आउनुस् भनेपछि हामीले संघर्ष समितिलाई सहजीकरण समिति बनायौँ ।

२३ गतेको बैठकले सहजीकरण समिति गठन त गरियो, तर जुन हिसाबले सरकारको तर्फबाट सहजीकरण हुनुपर्ने हो, त्यो भइरहेको छैन । हामीलाई राज्यले झुक्याइरहेको छ । कास्कीको सन्दर्भमा कुरा गर्दा यहाँ सुकुमबासीको नाममा राज्यले गरेको व्यवहार निकै विभेदकारी छ । यहीबिचमा सुकुमबासी र भूमीहिनहरूको लगत लिइएको छ । बसपार्कबाट मात्रै झन्डै ६ सय जनाले निवेदन बुझाएका छन् । अब उनीहरूको निवेदनमात्रै लिने हो कि व्यवस्थापन पनि गर्ने हो ? सुकुमबासी बस्तीको व्यवस्थापन कसरी हुनुपर्छ भन्ने सन्दर्भमा हामी सबैको विशेष चासो छ । पटक-पटकको वार्तामा पनि सरकारको तर्फबाट विकल्प पाउनुहुन्छ भनेका छन्, तर के विकल्प भन्ने क्लियर छैन ।

हाम्रो चाहना कुनै दान वा उपहार होइन भन्ने राज्यले बुझोस् । यो त नागरिकको अधिकार हो, संवैधानिक अधिकार । हामी राज्यको ढुकुटीमा बोझ बन्न चाहँदैनौँ । व्यवस्थापनको प्रक्रियामा हाम्रो पहिलो शर्त जहाँ छौँ, त्यही वडामा व्यवस्थापन गरियोस् भन्ने हो । धेरैले वडा नम्बर ९ बाट घटनादर्ता गरेका छन् । सबै राज्यका डकुमेण्टहरू यही वडाका छन् । तसर्थ ९ नम्बर वडाकै कुनै ठाउँमा हामीलाई सारियोस् भन्ने हाम्रो माग छ । बस्तीको उचित नापी-नक्सा गरी वैज्ञानिक विधिबाट जग्गाको स्वामित्व प्रदान गरिनुपर्छ ।

यदि प्राविधिक वा सुरक्षाका हिसाबले त्यो ठाउँमा बस्न नमिल्ने अवस्था छ भने राज्यले महानगरभित्रकै सुकुमबासीको पनि चित्त बुझ्ने गरी स्थानान्तरण गर्नुपर्छ, तर यो सबै वार्ता र संवादको माध्यमबाट हुन्छ । जब हामी संघर्ष समितिलाई सहजीकरण समिति बनाउन तयार भयौँ भने राज्यले यसलाई कमजोरी ठान्न हुँदैन ।

कतै कमजोर पार्ने प्रयास भयो भने संघर्ष समिति ब्युँतिन सक्छ । हामी हाम्रा अधिकार प्राप्तिका लागि सबै तहको संघर्ष गर्न तयार छौँ । यो ठाउँबाट सरेपछि सारिएको ठाउँमा जीविकोपार्जनका लागि आवश्यक पूर्वाधार, विद्यालय, स्वास्थ्य केन्द्र र सुरक्षाको वातावरण हुनुपर्छ । महानगरपालिकालाई बारम्बार यही भनिरहेका छौँ । हाम्रो प्रमुख माग सुकुमबासीका नाममा बसेका हुकुमबासीहरूको अनुसन्धान हो । वास्तविक र भूमिहीन परिवारलाई पहिचान गरी तिनीहरूको व्यवस्थापन हुनुपर्छ । त्यसबाहेक हुकुमबासीको पक्षमा हामी छैनौँ । उनीहरूलाई त कारबाही नै गर्दा पनि हुन्छ । व्यवस्थापनको नाममा गरिबलाई धकेल्ने वा तर्साउने कामले मात्र समाधान निस्कँदैन ।

### के हुन् हाम्रा माग ?

१. अव्यवस्थित बसोबासी र वास्तविक सुकुमबासी र नक्कली सुकुमबासीको वर्गीकरण तत्काल गरियोस् ।
२. जहाँ दशकौँदेखि बसिरहेका छौँ, त्यहाँको जग्गाको स्वामित्व दिइयोस् । नसक्ने भए सम्बन्धित वडाकै उपयुक्त ठाउँमा स्थानान्तरण होस् ।
३. पहुँच हुनेहरूले गरेको अतिक्रमणलाई संरक्षण गर्ने तर गरिबको झुपडीमा डोजर चलाउने नीति तत्काल बन्द गरियोस् ।

आजसम्म राज्यले हामीमाथि राजनीति मात्रै गर्दै आयो । सुकुमबासी बस्ती भोट बैंक हुन् भनेर कमजोर बनाइयो । यो निरन्तरता अब तोडियोस् । पोखरा बसपार्क लगायत महत्वपूर्ण विकास निर्माण हुने ठाउँको जग्गा छोड्न हामी तयार छौँ । हाम्रो उचित व्यवस्थापन पहिलो शर्त हो । राज्यबाट हाम्रो रगत, पसिना र बालबच्चाको भविष्यमाथि राजनीति गरिएको छ । यदि हाम्रा मागहरूलाई राज्यले अझै बेवास्ता गर्‍यो भने संघर्ष अझै कडा बनाउने छौँ । यो हाम्रो पनि अस्तित्वको लडाइँ हो । राज्यसँग संवादबाटै समाधानको माग हामी गर्छौं । यो पूरा हुन्छ भन्ने विश्वास छ ।

*(साभार: रातोपाटी)*

# जलाशययुक्त आयोजना सरकारको उच्च प्राथमिकतामा: ऊर्जामन्त्री श्रेष्ठ

साझाकुरा संवाददाता

हेटौंडा, ११ जेठ/ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले जलाशययुक्त आयोजना सरकारको उच्च प्राथमिकतामा रहेको बताएका छन् ।



कुलेखानी जलविद्युत् आयोजनाको अवलोकनपछि उनले नेपालको दीर्घकालीन ऊर्जा सुरक्षा, औद्योगिक विकास र समग्र आर्थिक रूपान्तरणका लागि अब जलाशययुक्त आयोजनालाई राष्ट्रिय प्राथमिकताका रूपमा अघि बढाउनुपर्ने बताएका हुन् ।

मन्त्री श्रेष्ठले आगामी दिनमा सरकारको मुख्य ध्यान जलाशययुक्त आयोजनाको विकासमा केन्द्रित हुने स्पष्ट पारे । उनले यस्ता आयोजना विद्युत् उत्पादनका लागि मात्र नभई पानी व्यवस्थापन, बाढी नियन्त्रण, सिँचाइ विस्तार र पर्यटन प्रवर्द्धनका लागि मेत मेरुदण्ड बन्ने उल्लेख गरे ।

कुलेखानीका तीनवटै जलविद्युत् केन्द्रका कर्मचारीसँगको छलफलमा मन्त्री श्रेष्ठले जलवायु परिवर्तनका कारण बढ्दो प्राकृतिक जोखिम र अनियमित वर्षालाई मध्यनजर गर्दै भविष्यका लागि पानी भण्डारण गर्ने संरचनाको महत्व अझ बढेको उल्लेख गरे । 'जलवायु परिवर्तनले हिमनदी पग्लिने र वर्षाको स्वरूप बदलिने जोखिम बढाएको छ, यस्तो अवस्थामा ऊर्जा सुरक्षाका लागि जलाशययुक्त आयोजनाको विकल्प छैन', मन्त्री श्रेष्ठले भने ।

मन्त्री श्रेष्ठले औद्योगिक क्षेत्र, डाटा सेन्टर र सूचना प्रविधि उद्योगका लागि दीगो ऊर्जा आपूर्ति सुनिश्चित गर्न जलाशययुक्त आयोजनाबाट 'पिक आवर' (उच्च मागको समय)मा बढी विद्युत् उत्पादन गर्न सकिने उल्लेख गरे । उनले नेपाल विद्युत् प्राधिकरणलाई जलाशययुक्त आयोजनाको एकीकृत विकास मोडल तयार गर्न निर्देशन दिँदै स्वदेशी तथा विदेशी लगानी आकर्षित गर्नुपर्नेमा जोड दिए ।

सरकारले निजी क्षेत्रलाई आकर्षित गर्न यस्ता आयोजनाको लाइसेन्स अवधि ५० वर्ष कायम गरिसकेको जानकारी दिँदै उनले लगानीकर्तालाई यस क्षेत्रमा लगानी बढाउन आग्रह गरे ।

कुलेखानीलाई नेपालको 'रोल मोडल' परियोजनाका रूपमा व्याख्या गर्दै मन्त्री श्रेष्ठले स्थानीयस्तर बाट उठेका सामाजिक विषय र गुनासोलाई तत्काल सम्बोधन गर्न निर्देशन दिए । स्थानीयस्तरबाट सामाजिक विषय उठेका भए तिनलाई तत्काल सम्बोधन गर्न नेपाल विद्युत् प्राधिकरण र कुलेखानी जलविद्युत् केन्द्रका अधिकारीलाई निर्देशनसमेत दिनुभयो ।

स्थानीयबासीका गुनासो सम्बोधन गर्न, जलाधार क्षेत्रको स्पष्ट सीमाङ्कन गर्न तथा जलाशय वरपर बढ्दो फोहोर व्यवस्थापनमा गम्भीर बन्न मन्त्री श्रेष्ठले सम्बन्धित निकायको ध्यानाकर्षणसमेत गराएका छन् । आयोजनाको सम्पत्ति संरक्षणका लागि जग्गाको स्पष्ट सीमाङ्कन आवश्यक रहेको र इन्द्रसरोवर क्षेत्रमा बढ्दो पर्यटकीय गतिविधिसँगै फोहोर व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको उल्लेख गर्दै स्थानीय तह, व्यवसायी तथा सर्वसाधारणसँग समन्वय गरेर काम गर्न आग्रह गरे ।

यसैगरी, वर्षेनी बाढी पहिरोबाट आउने ढुंगा माटोले जलाशयमा पार्न सक्ने असर, विगतका भूकम्पले बाँधमा पुऱ्याएको प्रभाव, बाँध क्षेत्र तथा विद्युत् गृहका उपकरणको अवस्था, तिनको मर्मत तथा प्रतिस्थापनको आवश्यकता र कर्मचारी व्यवस्थापनबारे पनि मन्त्री श्रेष्ठले चासो व्यक्त गरे । सन् १९८२ मा निर्माण सम्पन्न भएको कुलेखानी आयोजना नेपालकै पहिलो जलाशययुक्त जलविद्युत् आयोजना हो । मकवानपुरको इन्द्रसरोवर गाउँपालिकामा अवस्थित यस आयोजनाको कुल जडित क्षमता १०६ मेगावाट रहेको छ ।

आयोजनाअन्तर्गत् कुलेखानी-१ बाट ६० मेगावाट, कुलेखानी-२ बाट ३२ मेगावाट र कुलेखानी-३ बाट १४ मेगावाट विद्युत् उत्पादन हुँदै आएको छ । मानवनिर्मित 'इन्द्रसरोवर' ताल विद्युत् उत्पादनसँगै महत्वपूर्ण पर्यटकीय गन्तव्यका रूपमा समेत परिचित छ । सुक्खायाम तथा उच्च विद्युत् मागको समयमा राष्ट्रिय विद्युत् प्रणालीलाई सन्तुलित राख्न कुलेखानी आयोजना नेपालको ऊर्जा क्षेत्रको मेरुदण्डका रूपमा स्थापित भएको छ ।

### बागमती सरकारले तीन दिन गणतन्त्र दिवस मनाउने

# दिवसलाई उत्सवको रुपमा मनाउन मुख्यमन्त्री बानियाँको आह्वान



साझाकुरा संवाददाता

हेटौंडा, ११ जेठ/१९ औं गणतन्त्र दिवस बागमती प्रदेश सरकारले विविध कार्यक्रम गरी तीन दिन मनाउने भएको छ ।

गणतन्त्र दिवस २०८३ बागमती प्रदेश मूल समारोह समितिको सोमबार बसेको बैठकले जेठ १३, १४ र १५ गते ३ दिन गणतन्त्र दिवस मनाउने निर्णय गरेको हो । मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँको अध्यक्षतामा ४३ सदस्यीय गणतन्त्र दिवस मूल समारोह समिति समेत गठन गरिएको छ ।

जेठ १३ गते 'गणतन्त्र स्थापनाको १८ वर्ष: कार्यान्वयन र चुनौती' विषयक विद्यालयस्तरीय निबन्ध प्रतियोगिता आयोजना गरिने भएको छ ।

त्यसैगरी, जेठ १४ गते रक्तदान कार्यक्रम एवम् नि:शुल्क स्वास्थ्य शिविर र वृक्षारोपण कार्यक्रम गरिने समितिका अध्यक्ष एवम् मुख्यमन्त्री बानियाँले जानकारी दिएका छन् । दिवसको मुख्यदिन जेठ १५ गते मुख्यमन्त्री तथा मीन्त्रपरिषद् कार्यालयमा प्रदेश प्रमुखको प्रमुख आतिथ्यतामा मूल समारोह हुनेछ । समारोहमा स्थानीय सँस्कृति तथा भेषभुषा झल्कने झाँकीसमेत प्रस्तुत गरिने भएको छ ।

कार्यक्रममा विभिन्न विधामा उत्कृष्ट ४ जना पत्रकार हरुलाई नगद ५० हजार रुपैयासहित पुरस्कृत समेत गरिने समितिले जनाएको छ । सोही दिन हेटौंडा उपमहानगरपालिकाको व्यवस्थापनमा सरसफाई कार्यक्रम र प्रदेश खेलकुद विकास परिषद्को समन्वयमा ५ हजार मिटर खुला दौड प्रतियोगिता हुने भएको छ ।

समितिको बैठकमा बोल्नु हुँदै मुख्यमन्त्री बानियाँले गणतन्त्र गरिबको व्यवस्था भएको बताएका छन् । गरिबको छोराछोरीसमेत प्रधानमन्त्री, राष्ट्रपति हुन पाउने व्यवस्था भएकोले गणतन्त्र दिवसलाई उत्सवको रुपमा मनाउन उनले आह्वानसमेत गरेका छन् । गणतन्त्र दिवसको अवसरमा प्रदेश सरकारले गणतन्त्र दिवसको अवसरमा हेटौंडाको बुद्ध चोक र बसपार्कमा राष्ट्रिय झण्डा फहराउने व्यवस्था समेत मिलाएको छ । साथै सबै मन्त्रालय र मातहतका कार्यालयहरूलाई आ-आफ्नो वेबसाइटको होमपेजमा गणतन्त्र दिवसको सन्देश राख्न निर्देशन दिइएको छ ।

बैठकमा आन्तरिक मामिला तथा कानुन मन्त्री शिवराज अधिकारी, प्रमुख सचिव बाबुराम अधिकारीलगायतको उपस्थिति थियो ।

# बुद्धिचाल महासंघको विशेष साधारणसभा: अविश्वासको प्रस्ताव अस्वीकृत

साझाकुरा संवाददाता

हेटौंडा, ११ जेठ/ नेपाल बुद्धिचाल महासंघका वरिष्ठ उपाध्यक्ष दीपेन राई समूहले अध्यक्ष र महासचिवविरुद्ध हालेको अविश्वासको प्रस्ताव विशेष साधारणसभामा उपस्थित सबै प्रतिनिधिले सर्वसम्मत अस्वीकृत गरेको छ ।

नेपाल बुद्धिचाल महासंघको कार्यसमितिले जेठ १० गते बोलाएको विशेष साधारणसभामा ५१ प्रतिशत गणपुरक संख्या उपस्थित नभएपछि विधानअन्तर्गत् दोस्रो पटक आह्वान गरिएको थियो । विशेष साधारणसभाको उद्घाटनसत्रमा बागमती प्रदेशसभा सदस्य एकालाल श्रेष्ठको प्रमुख आतिथ्यता र अन्तर्राष्ट्रिय बुद्धिचाल महासंघका प्रतिनिधि दिलजीत खन्नाको उपस्थिति थियो ।

राष्ट्रिय खेलकुद परिषद् (राखेप)द्वारा स्वीकृत विधानको परिच्छेद ३ दफा १०, उपदफा ५ को (घ) मा व्यवस्था भएबमोजिम एक दिनको फरक गरि ११ गतेका लागि पुन: विशेष साधारणसभा आह्वान गरिएको थियो ।

नेपाल सरकार खेलकुद विकास ऐन, २०७७ बमोजिम गठित नेपाल बुद्धिचाल महासंघको विधान २०४८, राखेपबाट मिति २०८१ मा स्वीकृत आठौँ संशोधन २०८० अनुसार सोमबार ३३ प्रतिशतभन्दा बढी प्रतिनिधिको उपस्थितमा विशेष साधारणसभा सम्पन्न गरेको हो ।

हेटौँडामा उपाध्यक्ष माधवप्रसाद प्रधानको अध्यक्षतामा सञ्चालन भएको साधारणसभामा प्रतिनिधि एवम् फिडे रुल्स कमिसनका काउन्सिलर उमेश केसीले प्रस्तुत गरेको सुझाव एवम् पुरक प्रस्तावलाई महासंघले दस्तावेजीकरण गर्ने निर्णय पनि गरेको छ ।

अविश्वासको प्रस्ताव बिरुद्ध अध्यक्ष र महासचिवले प्रतिरक्षा गर्दै महासंघलाई थप गति प्रदान गर्न योजनासहितको खाका प्रस्तुत गरेका थिए । विशेष साधारणसभाका प्रतिनिधिहरुको जिज्ञासामा विचार विमर्श गरि विभिन्न निर्णय पनि गरिएको छ । विशेष साधारणसभाले विधान विपरित महासंघको गरिमा माथि आँच आउने भ्रामक कार्य नगर्न नगराउन सचेत गराउने निर्णय पनि गरेको छ ।

# बढ्दैछ रानी सामुदायिक वनमा सालक



साझाकुरा संवाददाता

हेटौंडा, ११ जेठ/ किसानको साथीको रुपमा रहेको सालकलाई हेटौंडा-६ चौघडामा रहेको रानी सामुदायिक वनले आफ्नै सन्तानको रुपमा संरक्षण गर्दै आएको छ ।

जेठ १० गते रातको ८ बजेको समयमा स्थानीय सुरज फुयाँलले बाटोमा हिंडिरहेको समयमा फेला पारी समूहका वन हेरालु हरिचन्द्र सापकोटालाई बुझाएका थिए ।

करिव ३ केजी वजन भएको सालकलाई जेठ ११ गते हेटौंडा उपमहानगरपालिका वडा नं. ६ का वडा अध्यक्ष विष्णुबहादुर दाहाल, वडा सदस्य विजय पौडेल, समूहकी सचिव अमुना सापकोटा, सदस्य पूर्णभद्र चौलागाई, लेखा संयोजक राजकुमार फुयाँल, उपभोक्ता र कर्मचारीको रोहवरमा समूहद्वारा निर्माण गरिएको सालक केजमा छाडिएको छ ।

अत्यन्त लज्जालु स्वभावको सालक रातको समयमा सक्रिय हुने गर्छ । धमिरा र कमिला खाएर आफ्नो जीवनयापन गर्ने सालकको लागि समूहले जङ्गलमा रहेको धमिराको देवल संरक्षण गर्दै आएको समूहका अध्यक्ष केशव घितालले बताए ।

यसअघि समूहले वैशाख २ गते भेटिएको बयस्क र बच्चा सालकलाई समेत उद्वार गरि सालकको बासस्थानमा छाडिएको थियो । समूहका अनुसार समूहद्वारा संरक्षित सामुदायिक वनमा करिव ५ दर्जन सालक रहेको छ ।

सालकको संरक्षणको लागि समूहले जनचेतनामूलक कार्यक्रम, विधालयस्तरीय कार्यक्रम, सालकको बासस्थान संरक्षण, कानूनी ब्यवस्था, होडिङ बोर्ड स्थापना, सालकको मूर्ति निर्माणलगायतका काम गर्दै आएको छ ।

जिल्लाभित्र र जिल्ला बाहिर भेटिएका सालकलाई रानी सामुदायिक वनमा बुझाउने गरिएको छ । समूहले २०६२ सालदेखि सालकको संरक्षण गर्दै आएको छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०७३ अनुसार सालक मार्ने, खरिदबिक्री गर्ने वा ओसार पसार गर्ने ब्यक्तिलाई पाँच लाखदेखि १० लाख रुपैयाँसम्म जरिवाना वा पाँच वर्षदेखि १५ वर्षसम्म कैद वा दुबै सजाय हुन सक्ने ब्यवस्था छ ।

# नीति तथा कार्यक्रम आज...

स्थानीय तहसँग सहकार्य गरी फोहोरमैला व्यवस्थापनलाई वैज्ञानिक बनाइने तथा ऊर्जा क्षेत्रको विकास र विस्तारका लागि आवश्यक नीतिगत व्यवस्था गरिने भएको छ ।

सामाजिक न्याय तथा समावेशी विकासलाई पनि सरकारले प्राथमिकतामा राखेको छ । वनजन्य स्रोतको दीगो उपयोगमार्फत् वन उद्यमशीलतालाई प्रोत्साहन गरिने तथा प्राकृतिक एवम् मानवजन्य विपद् न्यूनीकरणका लागि प्रविधिमा आधारित पूर्वतयारी प्रणाली विकास गरिने बताइएको छ ।

स्थानीय तहसँग समन्वय गरी उद्धार, राहत तथा पुन:स्थापना कार्यलाई थप प्रभावकारी बनाइने तथा विपद् व्यवस्थापनमा निजी क्षेत्र, नागरिक समाज र समुदायको सक्रिय सहभागिता सुनिश्चित गरिने मन्त्री तामाङले बताए ।

समस्याग्रस्त सहकारी संस्थाको व्यवस्थापनका लागि 'बागमती प्रदेश समस्याग्रस्त सहकारी व्यवस्थापन समिति' लाई प्रभावकारी बनाइने तथा बैंकिङ सेवामा नागरिकको पहुँच विस्तार गरिने भएको छ । स्वास्थ्य, कृषि तथा पशु बीमाको पहुँच बढाउन विशेष कार्यक्रम ल्याइने उल्लेख गरिएको छ ।

सार्वजनिक खर्च व्यवस्थापनमा पारदर्शिता, जवाफदेहिता तथा वित्तीय सुशासन कायम गर्न अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई थप सुदृढ बनाइने भएको छ । अन्तरसरकारी वित्तीय हस्तान्तरण प्रणालीलाई समयबद्ध, प्रभावकारी तथा परिणाममुखी बनाइने मन्त्री तामाङले बताएका छन् ।

प्रदेशसभा प्रस्तुत सिद्धान्त तथा प्राथमिकताले उत्पादन, रोजगारी, सुशासन र समृद्धिलाई सुदृढ बनाउँदै प्रदेशको समग्र विकासमा महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गरेका छन् । प्रदेशसभामा हुने छलफलबाट प्राप्त सुझावलाई आगामी बजेट तथा कार्यक्रम तर्जुमामा मार्गदर्शनका रूपमा लिइने प्रतिबद्धता समेत उनले जनाए ।

# ६ विधामा प्रदेशस्तरीय राष्ट्रपति रनिङ शिल्ड छनोट प्रतियोगिता हुने

साझाकुरा संवाददाता

हेटौंडा, ११ जेठ/ बागमती प्रदेश खेलकुद विकास परिषद्को आयोजनामा १६ औं प्रदेशस्तरीय राष्ट्रपति रनिङ शिल्ड छनोट प्रतियोगिता आगामी जेठ १३ गतेदेखि १५ गतेसम्म काठमाडौं र ललितपुरमा सञ्चालन हुने भएको छ ।



आयोजक परिषद्का सदस्य सचिव दीपक लामाका अनुसार बागमती प्रदेशका १३ वटै जिल्लाबाट छनोट भएका उत्कृष्ट खेलाडीहरूको यस प्रतियोगितामा सहभागिता जनाउने छन् । विद्यालय तहका खेल प्रतिभाको पहिचान, विकास तथा प्रोत्साहन गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गर्न लागिएको परिषद्ले जनाएको छ । प्रतियोगितामा कराते, तेक्वान्दो, उसु, भलिबल, कबयी र एथलेटिक्स गरी ६ विधामा प्रतिस्पर्धा हुने जनाइएको छ । सबै खेल अन्तर्राष्ट्रिय नियमअनुसार सञ्चालन गरिने र निष्पक्षताका लागि अनुभवी निर्णायक तथा प्राविधिक समिति परिचालन गरिने परिषद्को भनाइ छ ।

खेलाडी, प्रशिक्षक तथा टोली व्यवस्थापकका लागि आवास, खानपान, यातायात र स्वास्थ्य उपचारको व्यवस्था मिलाइएको परिषद्ले जनाएको छ । प्रतियोगिता स्थलमा आपतकालीन स्वास्थ्य सेवा र प्राथमिक उपचार टोलीसमेत तयारी अवस्थामा रहने बताइएको छ ।

गत १५ औं संस्करणमा बागमती प्रदेशले ३६ स्वर्ण, ११ रजत र ७ कांस्य पदकसहित समग्रमा प्रथम स्थान हासिल गरेको थियो । उक्त सफलताले यस संस्करणलाई अझ व्यवस्थित र प्रतिस्पर्धात्मक बनाउन प्रेरणा मिलेको परिषद्को भनाइ छ ।

प्रतियोगिताको उद्घाटन समारोह जेठ १३ गते दिउँसो १ बजे काठमाडौंस्थित दशरथ रंगशालामा हुने छ ।

भर्ना खुल्यो! भर्ना खुल्यो !
3 YEARS
HA, LAB TECHNOLOGY, PHYSIOTHERAPY, RADIOGRAPHY
SEE/SLC पास पछिको ३ वर्षे प्रमाणपत्र तहमा CTEVT बाट मान्यता प्राप्त ३० वर्ष देखि संचालित यस शिक्षण संस्थामा शैक्षिक सत्र २०८३/०८४ को लागि निम्न कार्यक्रमहरुमा भर्ना खुल्यो । मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका (SEE/SLC) परिक्षामा अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषयलिई समग्रमा Grade Point Average (GPA) न्यूनतम २ प्राप्त हुनु पर्नेछ ।
भर्ना हुने कार्यक्रमहरु
PCL General Medicine (HA)
PCL Lab Technology
PCL Radiography
PCL Physiotherapy
CTEVT को प्रवेश परिक्षा उत्तीर्ण विद्यार्थीहरु यस इन्स्टिच्यूट मा भर्ना हुन सक्ने छन
फारम वितरण मिति: २०८३/०१/२९ गते मंगलबार देखि
फारम बुझाउने अन्तिम मिति: २०८३।०२।१३ गते बुधबार बेलुका ४:३० सम्म
मकवानपुर टेक्निकल इन्ष्टिच्युट
हेटौडा-५ भैरव रोड, सम्पर्क: ०५७-५२१८५२, ९८५५०३१९१०, ९८६०२०२६७१, ९८५५०१२८५२

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com



संघको परिपत्रले काम गर्न असहज भयो: *मुख्यमन्त्री बानियाँ*

# आठ महिनादेखि प्रदेशसभा सभामुखविहीन हुनु लज्जास्पद: नेता जम्कट्टेल

साझाकुरा संवाददाता

हेटौंडा, ११ जेठ/ बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले संघीय सरकार वर्तमान व्यवस्थाप्रति हुँदै गएको आरोप लगाएका छन् ।

सोमबारदेखि सुरु भएको बागमती प्रदेशसभाको बजेट अधिवेशनको पहिलोपटक बैठकमा सम्बोधन गर्दै मुख्यमन्त्री बानियाँले संघ सरकारले पटक-पटक गर्ने परिपत्रले प्रदेश सरकारलाई काम गर्न असहज भएको गुनासो गरे । प्रदेश सरकार संघको इकाइमात्र नभई छुट्टै सरकार भएको उनले बताए । संघले पटक-पटक गर्ने हस्तक्षेपकारी परिपत्रहरूले संघीयताको उपहास गरेको उनले टिप्पणी गरे ।

मुख्यमन्त्री बानियाँले संघीय सरकारले प्रदेश सरकारको अस्तित्व र अधिकारलाई बेवास्ता गरेको आरोप लगाएका छन् । उनले संघीयताको मर्मअनुसार तीन तहका सरकारबीच हुनुपर्ने समन्वय र सहकार्यमा संघीय सरकार उदासीन देखिएको बताए ।

मुख्यमन्त्री बानियाँले विशेष गरी प्रदेशसभा सदस्यहरूको स्वकीय सचिव (स्वकीय) को सुविधाका सम्बन्धमा संघीय सरकारले विभेदकारी नीति अपनाएको भन्दै आपत्ति व्यक्त गरे । सातवटै प्रदेशका मुख्यमन्त्रीहरूले प्रधानमन्त्रीलाई भेटेर सोबारे ध्यानाकर्षण गराउँदा सकारात्मक आश्वासन पाए पनि हालसम्म कार्यान्वयन नभएको उनले गुनासो गरे ।

सञ्चार क्षेत्रको विज्ञापन र टेन्डरका सम्बन्धमा संघीय सरकारले जारी गरेको परिपत्रप्रति पनि उनले असन्तुष्टि व्यक्त गरे । 'संघीय संसद्का सदस्यहरूको स्वकीय रहने तर, प्रदेशका माननीयज्यूहरूको स्वकीय नहुने विभेद स्वीकार्य छैन', मुख्यमन्त्री बानियाँले भने, 'यदि संघले सो विभेद अन्त्य गर्दैन भने हामी नियमावली नै संशोधन गरेर स्वकीय पद खारेज गरिदिन्छौँ । संविधानले यस्तो विभेदकारी व्यवस्थाको कल्पना गरेको छैन ।'

**प्रदेशसभा सभामुखविहीन हुनु लज्जास्पद: नेता जम्कट्टेल**

प्रमुख प्रतिपक्षी दलका नेता शालिकराम जम्कट्टेलले ७/८ महिनादेखि प्रदेशसभा सभामुख विहीन हुनु लज्जास्पद भएको बताएका छन् ।

सभामुखको निर्वाचनलाई पहिलो प्राथमिकता दिनसमेत उनले सरकारलाई आग्रह गरेका छन् । उनले सभामुख चयन कार्य नभई सदनको अन्य एजेन्डा अघि बढ्न नसक्ने चेतावनीसमेत दिए । नेता जम्कट्टेलले सत्तापक्षका दलहरु बीच भागबण्डा नमिल्दा सिङ्गो प्रदेशसभाले सभामुख नपाउनु न्यायोचित नभएको बताए । सभामुख चयनका लागि सत्तापक्षले अग्रसरता लिए प्रतिपक्षले पूर्ण सहयोग गर्ने उनले प्रतिबद्धता गरे । सरकारलाई नीति तथा कार्यक्रम र बजेट अगाडि नै सभामुखको निर्वाचनको कार्यतालिका ल्याउनुपर्ने उनले बताए ।

सभामुख जस्तो महत्वपूर्ण पदलाई खाली राखेर बजेट ल्याउन हतार गर्ने ? उनले प्रश्न गरे । यदि सभामुखको विषयलाई बेवास्ता गरियो र बजेटमा दलीय विभेद देखियो भने सदनमा प्रतिरोध बलियो शैलीमा हुने उनले चेतावनी दिए । सरकारले गर्न खोजेको प्रशासनिक पुनर्संरचना र मन्त्रालयको संख्या घटाउने प्रयासमा केही प्राविधिक र व्यवहारिक त्रुटीहरु रहेको उनले बताए । नेता जम्कट्टेलले आफ्नो सरकारको पालामा ल्याइएका विद्यालय नर्स कार्यक्रम, चेपाङ चिउरी चमेरो कार्यक्रम र दलित तथा गृहिणी महिला विकास कार्यक्रमलाई वर्तमान सरकारले तोडमोड गरेको वा उपेक्षा गरेको आरोप लगाए ।

**राजनीतिक दलहरू बेलैमा नसच्चिए मुलुकमा गम्भीर संकट आउँछ: पाठक**

बागमती प्रदेशका निवर्तमान सभामुख भुवनकुमार पाठकले मुलुकमा ३५ वर्षयता भएका राजनीतिक परिवर्तनले जनताको आधारभूत समस्या समाधान गर्न नसकेको बताएका छन् ।

सभामुख पदबाट राजीनामा दिए पश्चात् पहिलो प्रदेशसभामा बोल्दै उनले राजनीतिक दलहरू बेलैमा नसच्चिए मुलुकमा गम्भीर सङ्कट आउने चेतावनी दिए ।

पाठकले २०४६ देखि हालसम्मका परिवर्तनहरूले पनि जनअपेक्षा पूरा गर्न नसकेको टिप्पणी गरे । सोही विद्रोहका रूपमा भदौ २३ र २४ गतेको घटना भएको उनले बताए । गत जेठ २३ गते भएको युवाहरूको आन्दोलन लाई पाठकले नेपालको इतिहासकै पहिलो अर्गानिक र डिजिटल रिभोल्युसनको संज्ञा दिए । उक्त आन्दोलनमा कुनै विदेशी शक्तिको प्रभाव नरहेको उनको भनाइ छ ।

# 'रोप रेस्क्यू अनुशिक्षण तालिम' को प्रदर्शन



साझाकुरा संवाददाता

हेटौंडा, ११ जेठ/ सशस्त्र प्रहरी बल, नेपाल नं. ३ गढिमाई बाहिनी मुख्यालय मकवानपुरको आयोजना तथा आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेशको सहयोगमा सञ्चालित ९ दिने 'रोप रेस्क्यू अनुशिक्षण तालिम' को डेमोन्स्ट्रेशन सम्पन्न भएको छ ।

सशस्त्र प्रहरी बल, नेपाल विपद् व्यवस्थापन बेस कुलेखानीमा वैशाख ३१ गतेदेखि जेठ १० गतेसम्म सञ्चालन भएको उक्त तालिमको समापन आन्तरिक मामिला तथा कानून मन्त्री शिवराज अधिकारीको प्रमुख आतिथ्यतामा भएको हो ।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि मन्त्री शिवराज अधिकारीले सशस्त्र प्रहरी बल विपद् उद्दार कार्यमा अग्रणी भूमिकामा रहेको उल्लेख गर्दै देशका विभिन्न स्थानमा हुने जनधनको क्षति न्यूनीकरण गर्न महत्वपूर्ण योगदान पुर्‍याउँदै आएको बताए ।

उनले यस्ता तालिमहरूले सुरक्षाकर्मीहरूको पेशागत ज्ञान र क्षमता अभिवृद्धि गर्ने भएकाले मन्त्रालयको तर्फबाट भविष्यमा पनि आवश्यक उपकरण तथा क्षमता विकास कार्यक्रमहरूमा निरन्तर सहयोग रहने प्रतिबद्धता व्यक्त गरेका छन् ।

कार्यक्रममा इन्द्रसरोवर गाउँपालिकाका अध्यक्ष देवकृष्ण पुडासैनी, मन्त्रालयका सचिव कृष्णबहादुर शाही, सशस्त्र प्रहरी बल नेपाल नं. ३ गढिमाई बाहिनी मुख्यालयका बाहिनीपति सशस्त्र प्रहरी नायव महानिरीक्षक अञ्जनी कुमार पोखरेल, राष्ट्रिय अनुसन्धान बागमती प्रदेश कार्यालयका प्रमुख अनुसन्धान निर्देशक सञ्जय यादव, मकवानपुर जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक श्यामबहादुर खत्री, सशस्त्र प्रहरी बल नेपाल नं. १४ गण हेडक्वार्टर मकवानपुरका गणपति सशस्त्र प्रहरी उपरीक्षक नविनकुमार खड्का, सशस्त्र प्रहरी सुरक्षा बेस कारागार कार्यालय भीमफेदीका सशस्त्र प्रहरी नायव उपरीक्षक देवेन्द्रबहादुर सिंह तथा क्युवेक ब्याट्री नं. ३ राजदल गणका सह-सेनानी अर्जुन परियारलगायतको उपस्थिति थियो ।

# मनहरीमा जिल्लास्तरीय क्योकुसिन कराते प्रतियोगिता

साझाकुरा संवाददाता



हेटौंडा, ११ जेठ/नेपाल क्योकुसिन कराते (आइकेए) को आयोजनामा मकवानपुरको मनहरीमा जिल्लास्तरीय पुरुष तथा महिलाका विभिन्न तौल समूहका खेल भएका छन् ।

नेपाल क्योकुसिन कराँते बालकुमारी आइकेओ युनियन, नेपाल क्योकुशिन कराँते अलाइड, शिन क्योकुसिन कराँते संघ र नेपाल क्योकुसिन कराँते आइकेओ संघका खेलाडीहरु प्रतियोगितामा सहभागी थिए । प्रतियोगिताको पुरुषतर्फको खेलमा ३० केजी समूहमा सुस्मित बिक प्रथम, दीप गोले द्वितीय र परप भोलन तृतीय भएका थिए भने दीपक थिङ सान्त्वना भएका थिए ।

यस्तै, ३५ केजी समूहमा अर्जुन थिङ प्रथम, आभास श्रेष्ठ द्वितीय, विवेक घलान तृतीय र अर्जुन थिङ सान्त्वना भएका थिए । यस्तै, ४० केजी समूहमा कृष मोक्तान प्रथम, प्रतिक मोक्तान द्वितीय, सर्वोच्च न्यौपाने तृतीय र प्रशान्त पोखरेल सान्त्वना भएका थिए । यस्तै, ४५ केजी समूहमा नितेसकुमार शाह प्रथम, सन्जोक वाइबा द्वितीय, सौरभ थिङ तृतीय र उत्सव खतिवडा सान्त्वना भएका थिए । यस्तै, ५० केजी समूहमा अरुण प्रजा प्रथम, अमृत बिक द्वितीय, सुरेश मोक्तान तृतीय र बिक्रम जिम्बा सान्त्वना भएका थिए ।

यस्तै, महिलातर्फ ३० केजी समूहमा सुहानी थिङ प्रथम, वास्ना गुरुङ द्वितीय र बजेतुन तामाङ तृतीय हुँदा सिजासु लोप्चन सान्त्वना भएकी थिइन् । ३५ केजी समूहमा पुष्पा नेपाली प्रथम, एरिका तिवारी द्वितीय, सुपृका प्रजा तृतीय भएकी थिइन् । ४० केजी समूहमा सुमिना बोम्जन प्रथम, गङ्गा मोक्तान द्वितीय र बिबिका थोकर तृतीय हुँदा सतृश्नना स्याङ्तान सान्त्वना भइन् ।

४५ केजी समूहमा कुसुम भोलन प्रथम, बिसु श्रेष्ठ द्वित्रीय, अन्जिता ब्लोन तृतीय र पृन्सा रानामगर सान्त्वना भएका थिए । ५० केजी समूहमा विविशा घिसिङ प्रथम, शिखा चौलागाईं द्वितीय, एनोरा तिवारी तृतीय र अस्मिता कुवर सान्त्वना भएका थिए ।

बिजेताहरुलाई मनहरी गाउँपालिकाका उपाध्यक्ष सीता पुलामीमगरले पुरस्कार तथा मेडल प्रदान गरेकी थिइन् । कार्यक्रममा मनहरीको वडा नम्बर ७ का वडाध्यक्ष ठाकुरराम तितुङ, नेपाल ब्रान्च चिफ सिहान प्रेमबहादुर लामालगायतको सहभागिता थियो । कार्यक्रममा आस्था कला केन्द्रले नृत्य प्रस्तुत गरेको थियो भने खेलाडी विजय घलानले पेटमा ढुंगा राखेर ब्रेक गरेका थिए भने ली पनि ब्रेक गरेका थिए । प्रतियोगितामा मकवानपुरका विभिन्न पालिकाका एकसय २० क्योकुसिनका खेलाडी सहभागी थिए ।

HIMALAYANLIFE
सुरक्षा अटल, भविष्य सबल
प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९

**हकदाबी सम्बन्धी सूचना**

यस कम्पनीबाट जारी तपहिशलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हक दाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हक दाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधिभित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

**तपसिल**

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १. | PLI१५७०००३०७५ | विष्णु प्रसाद अधिकारी | हेटौंडा-०८, मकवानपुर |
| २. | PLI१५७०००३७५५ | राम प्रसाद घिमिरे | मक्वानपुरगढी-०३, मकवानपुर |
| ३. | PLI१५७०००६५९० | उत्तम प्रसाद पराजुली | हेटौंडा-०५, मकवानपुर |

**श्री निर्मल माध्यमिक विद्यालय**
हेटौंडा-१९, बस्तिपुर
ADMISSION OPEN Class-11
कक्षा-११ मा भर्ना खुल्यो
शिक्षा | कम्प्युटर साइन्स | व्यवस्थापन | मानविकी | कानुन
सम्पर्क:९८५५०३०८८७,९८५५०६७७९९, ९८४५०७१७८८,९८४५०७१६५८


**"सफा ट्यांकी, स्वस्थ जिन्दगी"**
तपाईको पानी ट्यांकी कत्तिको सुरक्षित छ ?
कहिले याद गर्नु भएको छ ? बाहिरबाट स्वस्थ र सफा देखिए पनि ट्यांकी भित्र धुलो, हिलो, लेउ र किटाणुको भण्डार भई दुषित त छैन ?
**याद गर्नुहोस् है**
हामीले दुषित पानीबाट ब्रस वा मुख धुने, नुहाउने, खाना पकाउने, पिउने जस्ता कार्यहरु गरिरहेका छौं भने, प्राय रोगहरु दुक्षित पानीका कारण स्वास्थ्यमा धेरै समस्य देखा पर्न सक्दछ ।
- डायरिया
- कालो झाडा
- टाइफाइट
- हेपाटाइटिस ए
- स्किन यन्फेक्सन,

साथै अन्य जलजन्य रोगहरु लाग्न सक्दछ ।



अब तपाईको घरदैलोमा सस्तो र भरपर्दा सफाई सेवा लिएर आएका छौ, अत्याधुनिक प्रविधि उपकरणबाट सफाई गर्छौं । अब ढिला नगरौं आजै आफ्नो ट्यांकी सफा गरी आफ्नो र परिवारको स्वास्थ्य जोगाउनुहोस् ।
**छत/भूमिगत पानी ट्यांकी सफाई सेवा**
थप जानकारीको लागि
**इनर्जेटिक सर्भिसिज प्रा.लि.**
९८२७२८३०३०, ९७६१७१९६९९, ९८५५०६७१११

**आकर्षक घडेरी बिक्रीमा**
हेटौंडा वडा नं. १ स्वर्गलोक, हेटौंडा मोडल अस्पताल पछाडि




सम्पर्क:
९८५१०८९६३४ (मुकुन्द कार्की)
९८४४५०५३४९ (श्री लामा)

HIMALAYAN MOTORS PVT LTD
ALL SERVICES FOR ALL BRANDS 4-WHEELERS
NEPAL'S MODERN AUTOMOTIVE SERVICE DESTINATION
SUZUKI
HIMALAYAN MOTORS PVT. LTD.
SINCE 2009




057-590333
ADVANCED TECHNOLOGY | EXPERT TECHNICIANS | GENUINE EQUIPMENT | RELIABLE SERVICE
SUZUKI CERTIFIED SERVICE POINT
YOUR VEHICLE, OUR PASSION... YOUR TRUST, OUR COMMITMENT

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादकः **सरला खनाल**, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रणः** सफल छापाखाना